जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०३, २०८३ साउन २१ गते विहीबार, 6 Aug 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

बागमती सरकार गठनमा व्यापक सकस



दलहरूको आफ्नै डम्फू

◯ सरिता दाहाल

मकवानपुर । बागमती प्रदेश सरकार गठनमा सकस भएको छ । गत साउन ६ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएको एमाले र नेकपा बिच प्रदेश सरकार गठन गर्न सहमति भयो ।

बागमतीमा सरकार गठनको नेतृत्व एमालेले गर्ने सहमती भएपनि आवश्यक बहुमत पुऱ्याउन दलहरूलाई सकस परेको छ ।

सरकारबाट एमाले बाहिरिएपछि अल्पमतमा परेका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको नेतृत्वको सरकारलाई विश्वासको मत लिएर अगाडी बढ्ने नेपाली काँग्रेसले निर्णयनै गरिसकेको अवस्था छ । मुख्यमन्त्रीमा दाबी पेश गर्न ५३ जनाको बहुमत आवश्यक छ । एमाले र नेकपाको मात्रै सांसद संख्या ५१ पुग्छ । काँग्रेस बाहेकका राप्रपा (१२) नेपाल मजदुर किसान पार्टी (नेमकिपा ३) र हाम्रो नेपाली पार्टी (हानेपा २) लाई सरकारमा सहभागी गराउन गठबन्धन दल र काँग्रेस लागि परेको छ ।

सोही योजना अनुसार प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रीमा हानेपाका शैलेन्द्रमान बज्राचार्य नियुक्त भएका छन् । बज्राचार्यले प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाबाट पद तथा गोपनीयताको शपथ लिए । यसअघिका भौतिक पूर्वाधार विकास मन्त्री बिनु रायमाझी पौडेललाई राजीनामा दिन लगाएर काँग्रेसले हानेपालाई सरकारमा सहभागी गराएको हो । प्रदेश सरकार अल्पमतमा रहेका बेला हानेपाबाट बज्राचार्यलाई मन्त्री बनाइए पछि नेकपा र एमालेको गठबन्धनमा उक्त पार्टी सहभागी हुने छैन ।

संविधान अनुसार मुख्यमन्त्री बानियाँले भदौ ५ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनु पर्नेछ । यसै अनुसार मुख्य मन्त्री बानियाँ राप्रपा र नेमकिपालाई समेत समेटेर बहुमत पुऱ्याउने र विश्वासको मत लिने दाउमा रहेका छन् । सोही रणनीति अनुसार गत साउनमा मात्रै भौतिक मन्त्री बनाइएकी पौडेललाई मन्त्रीबाट राजिनामा गराएर हानेपालाई दोस्रो बरियताको मन्त्रालय सुम्पिएको हो । प्रदेश सरकार गठन गर्न बहुमत नपुगेको अबस्थामा मुख्यमन्त्रीले सत्ता टिकाउने प्रयास स्वरूप बज्राचार्यलाई मन्त्री बनाएर राजनीतिक चलाखी गरेका हुन् ।

यसअघि मुख्यमन्त्री बानियाँले प्रदेश सरकारमा देखिएको असमझदारी अन्त्य गर्न र निकासको लागि सर्वदलिय बैठक बोलाएका थिए । बैठकमा उनले कि आफूलाई विश्वास गर्न नत्र बहुमत पुऱ्याएर सरकार गठन गर्न समेत भनेका थिए ।

प्रदेश सरकार गठनको लागि एमाले र नेकपाबीचको गठबन्धनलाई प्रदेशमा दुबै दलका नेताहरूले नै अविश्वास गरिरहेका छन् । नेकपामा रहेको पूर्व समाजवादीहरूले प्रदेश सरकारको गठन गर्न प्रदेशकै अधिकार रहेकोले केन्द्रिय गठबन्धन नमान्ने बताइरहेका छन् । यद्यपी नेकपाले सरकार गठनमा सहयोग गर्ने र अन्य दललाई सरकारमा सहभागी गराउन कार्यदल नै बनाएको छ । नेकपाका संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको संयोजकत्वमा कार्यदल गठन गरेका हो ।

बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी (नेकपा), राप्रपा, नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टीलाई मुख्यमन्त्री बानियाँले समर्थन गर्न औपचारिक रूपले पत्राचार समेत गरेका छन् । यसले पनि बानियाँ सरकारबाट राजिनामा दिने मुडमा देखिदैन । हानेपालाई सरकार मा सहभागी गराएर उनले प्रदेश सभाको सामना गर्न खोजेको प्रष्ट देखिन्छ ।

तटष्थ बस्ने राप्रपाको संकेत

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अहिलेको अवस्थामा प्रदेश सरकारमा सहभागी नहुने भएको हो । राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बैठक प्रदेश सरकारका विषयमा छलफल भए पनि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले त्यसलाई प्राथकिमतामा नराखेको बताइएको छ ।

'प्रदेश सरकारमा तत्काल नजाने नै कुरा भएको छ,' बैठकमा सहभागी राप्रपाका एक नेताले भने 'अध्यक्षज्यूले यस्तो परिस्थतिमा राप्रपालाई सरकार मा पठाउने मन गर्नु भएको छैन ।' यसले समेत बागमती प्रदेश सरकारलाई राप्रपाले सहयोग गर्ने सम्भावना न्यून रहेको देखिन्छ ।

तर राप्रपा बागमती प्रदेशका अध्यक्ष विक्रमबहादुर थापा भने बागमती प्रदेश सरकारको नेतृत्वकर्ता दल र नयाँ गठबन्धनको तर्फबाट आधिकारिक पत्र प्राप्त नभएकोले सरकारलाई सहयोग गर्ने तथा सरकारमा जाने विषयमा राप्रपाले ठोस निर्णय नगरेको बताउँछन् ।

राप्रपा अध्यक्ष लिङ्देन प्रदेश सरकारमा जाने विषयमा सकारात्मक देखिदैनन् । राप्रपा बागमती प्रदेश सभा संसदीय दलका नेता उद्धव थापा पनि सरकारमा सहभागी हुने विषयको ठोस निर्णय नआएको बताउँछन् । आधिकारिक नआएकोले अध्यक्ष लिङ्देनले बैठकमा समेत छलफललाई प्राथमिकता नदिएको बताइएको छ ।

तर मुख्यमन्त्री बानियाँले राप्रपालाई विश्वासको मतको लागि पठाएको पत्र दलका नेता थापाकै हातमा पत्र थमाउँदा राप्रपा अध्यक्ष लिङ्देन समेत सँगै रहेको एक सांसदको दाबी छ ।

यसैबीच राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बैठकले केन्द्रको निर्देशनबिना प्रदेश सरकार मा सहभागी नहुन निर्देशन दिएको छ। 'पार्टीको निर्देशन बिना सत्ता केन्द्रित कुनै गतिविधिमा सहभागी नहुन सबै प्रदेशको संसदीय दल र प्रदेशसभाका सांसदहरूलाई बैठक निर्देश गर्दछ' केन्द्रीय कार्यसम्पादन समितिको बैठकको निर्णयमा भनिएको छ । प्रवक्ता मोहन श्रेष्ठका अनुसार बैठकले प्रदेश सरकारबारे निर्णय गर्ने जिम्मेवारी अध्यक्ष लिङ्देनलाई दिएको छ ।

'वर्तमान परिस्थितिमा राप्रपा कुनै पनि प्रदेश सरकारको सत्ता र राजनीतिको गणितीय चलखेलमा सामेल छैन र लालायित पनि छैन। प्रदेश सरकारहरु अहिले पनि कांग्रेस, एमाले र नेकपा मिलेर निर्माण गरून् भन्ने हाम्रो धारणा रहेको छ,' बैठकका निर्णयबारे प्रवक्ता श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मुख्यमन्त्री बन्न एमालेमा किचलो

बागमती प्रदेश सरकारको मुख्यमन्त्री बन्न नेकपा एमालेमा किचलो बढेको छ । एमालेका बहुमत सांसदले संसदीय दलको नेता परिवर्तन गर्न गरेको प्रयासपछि अध्यक्ष ओली समेतको छलफलबाट संसदीय दलको नेता जगन्नाथ थपलियालाई नै निरन्तरता दिने सहमती बनेको थियो ।

तर मुख्यमन्त्री बन्न नेताहरुबीच शक्ति संघर्ष उत्कर्ष पुगेपछि एमाले नेताहरु बीच वादविवाद, आरोप प्रत्यारोप

बाँकी पेज ४ मा

इन्साइड ---- स्टोरी

कप्तानगन्ज जाने बाटो: रिपोटर डायरी

विचार

✍ तुफान न्यौपाने

पेज २ मा

बागमती सरकारको एकीकृत भवनका लागि रूख कटान



सहिद स्मारकमा जातीय संग्रहालय



पेज ३ मा

१० दिनदेखि रोकिएको लाइसेन्सको काम सुरू

पेज ४ मा

खाना पकाउने ग्यासको अभाव कायमै, सहज गर्न क्वूआर टी गठन

पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

बागमतीमा राजनीतिक स्थायित्व आवश्यक

बागमती प्रदेशको राजनीति फेरि एकपटक अनिश्चितताको घेरामा पुगेको छ। नेकपा एमाले सरकारबाट बाहिरिएपछि नेपाली काँग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको छ। यस्तो अवस्थामा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हाम्रो नेपाल पार्टीबाट एक जना मन्त्री नियुक्त गर्दै सरकारलाई निरन्तरता दिने प्रयास गरेका छन् । अर्कोतर्फ, एमाले र नेकपाबीच नयाँ सरकार गठन गर्ने सहमति सार्वजनिक भए पनि राप्रपाले सरकारमा सहभागी नहुने निर्णय गरेपछि सत्ता समीकरणले अपेक्षित आकार लिन सकेको छैन । नेमकिपा पनि सरकारमा सहभागी हुने वा नहुने विषयमा मौन रहँदा प्रदेशको राजनीतिकमा अन्योलता थपिएको छ ।

मुख्यमन्त्री बानियाँले तत्काल राजीनामा नदिई संविधानअनुसार प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गरेको बताएका छन् । संवैधानिक दृष्टिले यो उचित प्रक्रिया भए पनि लामो समयसम्म सत्ता जोगाउने र सरकार बनाउने अंकगणितमै राजनीति सीमित हुँदा प्रदेशको विकास, सेवा प्रवाह र बजेट कार्यान्वयन प्रभावित हुने जोखिम बढ्छ। अस्थिर राजनीतिक वातावरणको प्रत्यक्ष असर नागरिकले भोग्नुपर्छ।

प्रदेश सरकार गठन वा परिवर्तन लोकतान्त्रिक अभ्यासको स्वाभाविक प्रक्रिया हो। तर सत्ता समीकरणभन्दा माथि उठेर राजनीतिक दलहरुले स्थिरता, जवाफदेहिता र जनहितलाई प्राथमिकता दिनुपर्छ। जनमानसमा प्रदेशको आवश्यकता र औचित्यतामा बहस अलिरहेको बेला एक वर्ष बाँकी रहेको प्रदेश सभाको कार्यकालमा मुख्यमन्त्री र मन्त्री पदकै लागि राजनीतिक खिचातानी हुनु राम्रो होइन् । यसको असर अहिलेका सरकार तथा सरकारमा पटक पटक सहभागी मन्त्रीहरूलाई पर्ने देखिन्छ । राजनीतिक स्वार्थ भन्दा प्रदेशको हितलाई केन्द्रमा राखेर शीघ्र निकास दिन सक्नु समयको माग हो ।

कप्तानगन्ज जाने बाटो
रिपोर्टरको डायरी

तुफान न्यौपाने

गत बुधबार बिहान त्यतिन्जेलसम्म 'सुनसरी घटना' मनेर चिनिएको कप्तानगन्जको धार्मिक तनावबारे त्यहीं पुगेर रिपोर्टिङ गर्ने योजनासहित म विराटनगर ओर्लिएँ । देवानगन्ज ३, कप्तानगन्जमा हिन्दू-मुस्लिम समुदायबीच उत्पन्न विवाद आइतबार राति हिंसामा परिणत भइसकेको थियो ।

स्थानीयवासी, नागरिक समाज र दलका नेताहरुसँग अन्तर्वार्ता गर्ने नियमित रिपोर्टिङभन्दा गहिरो र मसिनोगरी म ती घटनालाई बुझ्न चाहन्थँ । घटना तात्कालिक प्रतिक्रिया को उपज हो वा मधेशमा पटक पटक दोहोरिरहेका तनावको प्रवृत्ति को नै अंश हो ? हो भने कसरी, बुझ्न चाहन्थँ ।

विराटनगर पुग्नेबित्तिकै पहिलो अनिश्चितता देखापऱ्यो । विराटनगर सहकर्मी पर्वत पोर्तेलसँग कप्तानगन्जतर्फ निस्कने तयारी गर्दागर्दै खबर आयो अघिल्लै दिन निधो गरेको भए पनि गाडी चालकले कप्तानगन्ज जान अस्वीकार गरे । चालक हिन्दू समुदायका थिए । उनी हिंसा भड्किएको, प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको, कर्फ्यु जारी रहेको र प्रदर्शनकारीहरुले अझै पनि निषेधाज्ञा उल्लंघन गरिरहेको गाउँसम्म गाडी चलाउने जोखिम लिन तयार भएनन् ।

त्यसबीचमा सम्पर्कमा आएका सबैजसो चालकले सुरक्षाको कारण देखाउँदै अस्वीकार गरिरहे । अर्को व्यवस्था गर्न झन्डै दुई घण्टा लाग्यो । यसपटक तयार भएका चालक मुस्लिम समुदायका थिए ।

सामान्य अवस्थामा कुन धार्मिक आस्थाका हुन् भन्ने विषय कुनै महत्वको विषय नै हुने थिएन । तर, हामी जाँदै थियौं यस्तो ठाउँमा जहाँ मानिसहरु धार्मिक आधारमा विभाजित भएका थिए, जहाँ एक अर्कालाई केवल धार्मिक आस्थाको रुपमा मात्र हेर्न थालिएको थियो । यस्तो द्वन्द्वको अवस्थामा आमरुपमा निर्णय नै गर्न नपर्ने विषय जस्तै सहयात्री को हुन् पनि निकै कठिन जस्तो भइदिने रहेछ ।

सँगै जाँऔं चालक अनावश्यक रुपमा जोखिममा होमिने डर । उनलाई नलैजाऔं सबै जोखिमको मूल्यांकन गरेर जान तयार भएको एकजना वयस्क व्यक्तिलाई उसको धार्मिक आस्थाका आधारमा काममा विभेद गरेजस्तो हुने । थप, हामीसँग फिल्डमा जान अरु कोही तयार पनि त थिएन । साथै, उनी साथमा हुँदा मुस्लिम समुदायसँग कुरा गर्न विश्वास प्राप्त हुने अवसरसमेत थियो ।

लामो अन्योलपछि, सम्भावित जोखिमबारे जानकारी गराउने र त्यसपछि उनले जे भन्छन्, त्यसलाई मान्ने निर्णय गऱ्यौं । यसैबीच हामीले पत्रकार महासंघ मोरङ पुगेर 'प्रेस' लेखिएको पहेंलो फ्लोरोसेन्ट ज्याकेट किन्यौं । उनलाई पनि एउटा ज्याकेट दियौं ।

विराटनगरबाट करिब १५ किलोमिटर दक्षिण पश्चिममा पर्छ कप्तानगन्ज । तर, त्यो छोटो दूरी हामीलाई असामान्य रुपमा लामो भयो ।

हिंसा सुरू भएको तेस्रो बिहान थियो । बाटैभर अवरोध थिए । कतै रूख ढालिएका, कतै पोल र काठ तेर्स्याएर बाटो बन्द गरिएको । कतै टायर बालिएको, कतै जलेका मोटरसाइकल/गाडीको अवशेषमाथि ढुंगा थुपारिएको । कतै आगजनी र तोडफोड गरिएका पसलका सामान सडकभर मिल्क्याइएका थिए । सेनाका बख्तरबन्द गाडीहरु अवरोध पन्छाउँदै/छल्दै गुडिरहेका थिए ।

सडकमा बिस्तारै साइकल डोऱ्याउँदै गरेका केही व्यक्तिबाहेक लगभग कुनै आवतजावत थिएन । पैदलयात्री पनि थिएनन् । बाटो वारिपारिका घर पसल बन्द थिए । गाउँ सहर, खेतखलियान, सडक चोक सुनसान थिए, मानौं पूरै परिवेश सास रोकेर बसेको छ ।

बर्जु गाउँपालिकाको चिमडी गाउँमा लाठी र रड बोकेका १०-१५ जना किशोरहरुले बाटो छेके । अगाडि जान नदिने जिद्दि गरि रहेका उनीहरु विराटनगरतिरबाट आइरहेको सेनाको बख्तरबन्द गाडी देखेपछि मने तितरबितर भए ।

२-४ किलोमिटर अगाडिको, मध्यहर्षाही चोकमा अलि पाका उमेरका मानिस बसेका थिए । उनीहरुले पनि छेके । पत्रकार भन्ने थाहा पाएपछि आफूहरुको मनाइ 'रेकर्ड' गर्न लगाएर छाडिदिए । उनीहरुले बढ्दो धार्मिक तनावमा हिन्दू धर्मालम्बीमाथि सँधै 'अन्याय भएको' धारणा राखे । मुस्लिम समुदायप्रति रोष प्रकट गरे ।

त्यसअगाडिको अर्को चोकमा अर्को समूह थियो । अनि अर्को समूह, अनि अर्को । सामान्य अवस्थामा, विराटनगरबाट करिब २५ मिनेटमा पुगिने कप्तानगन्ज पुग्न त्यो बुधबार झन्डै तीन घण्टा लाग्यो ।

कप्तानगन्जको मुस्लिम टोल पुग्दा त्यहाँका मानिसले गुनासो गरे । 'कुनै पत्रकार, नागरिक समाज, नेता वा सरकारी टोली टोलमा आएको थिएन । सबैजना कप्तानगन्ज चोकबाटै फर्किन्छन् । आफ्ना कुरा राख्नै पाइएको छैन ।'

हामी उक्त चोकबाट करिब सात सय मिटर पूर्वमा रहेका ओमप्रकाशको घर पुगेर उनको परिवारका सदस्यसँग अन्तर्वार्ता गरेपछि मुस्लिम टोल छिर्दै थियौं । ओमप्रकाश प्रहरीको गोलीले मारिएका थिए । ओमप्रकाशको घरबाट मुस्लिम टोल जान फेरि कप्तानगञ्ज चोकमा फिर्ता आउनुपर्थ्यो र सिधा दक्षिणपट्टि करिब १०० मिटर हिँड्नुपर्थ्यो ।

त्यतिन्जेलसम्म कुनै सम्भावित अप्रियताको महसुस भने गरिसकेको थिइनँ । हाम्रा चालकलाई गाडीबाट ओरालेनौं । रिपोर्टिङका दौरान हामी दुई रिपोर्टरले पालैपालो उनी भए ठाउँ जाँदै, गर्फिँदै, काममा फर्कंदै गरिरहेका थियौं ।

जसै कप्तानगन्ज चोकबाट दक्षिणतिर पाइला सार्यौं, माथिपट्टि जम्मा भएको भीडबाट केही हिन्दू समुदायका युवाहरुले हुटिङ सुरू गरे । त्यो हुटिङ हामी मुस्लिम बस्तीतिर हिँडेको विरोधमा थियो । उनीहरुले कर्फ्युका बीचमै पनि सुरक्षाकर्मीकै अगाडि सडकमा टायर बाले । नाराबाजी गरे ।

जब फर्कने बेला भयो, हाम्रा चालक फर्कन चाहेनन् । थप दक्षिणतिर गएर निस्कने वा चोकमा सुरक्षाकर्मीको घेरा पछाडिबाटै पूर्व पश्चिम लाग्ने बाटोबाट निकास खोज्ने उपाय सुझाए । मलाई भने भीडलाई सम्झाउन सकिन्छ भन्ने आत्मविश्वास थियो । कर्फ्युकै बीचमा भएको आगजनी, नाराबाजी र विरोधलाई क्यामेरामा कैद गर्न, त्यस्तो कार्यमा संलग्नसँग कुराकानी गरी उनीहरुको आक्रोशको कारण सुन्न/बुझ्न र अब उनीहरु के चाहन्छन् भन्ने जान्न मन थियो । त्यसैले वैकल्पिक सडक खोज्नुभन्दा त्यो थप रिपोर्टिङ गरेर मूल बाटैबाट फर्कनु उपयुक्त हुन्छ भन्ने राय राखौं ।

सायद परिस्थिति भड्किसकेको भेउ उनले छिटो पाइसकेका थिए । हामी केहीसमय रिपोर्टिङ गर्ने र त्यहाँबाट छिर्न नसक्ने अवस्था आएमा वैकल्पिक बाटोबाट जाने मध्यमार्गी प्रस्तावमा सहमत भयौं। तर, जसै हामी मुस्लिम टोलबाट फर्कियौं, भीड थप उत्तेजित भयो । रड र लाठी लिएका किशोरहरु गाडीलाई नै निसाना बनाएर ओइरिए । केही किशोरहरु त्यसकै गाडीको चक्का अगाडि आएर बाटैमा सुतिदिए । प्रहार गर्नबाट प्रहरीले रोके । निस्केर सम्झाउन गरेको प्रयास सफल भएन । कुरा वा प्रश्न सुन्न कोही तयार थिएन । फर्कने बेला करिब डेढ घण्टा अवरोध भयो, हामीले के नोट गरेका छौं र क्यामेरामा के खिचिएको छ भनेर केरकार गरियो । गाडीमा 'मदरसाबाट हतियार र पैसा सप्लाई गरेको हुनसक्छ' भन्दै जाँच्न खोजियो । हाम्रा चालकको पहिचान नखुलोस् र उनि कुनै खतरामा नपरुन भनेर हामी उनीहरुहरुलाई गाडीमित्र चिहाउन दिन तयार थिएनौं ।

मुस्लिम समुदायलक्षित चर्का नाराबाजी अबेरसम्म जारी थिए । उत्तरतिरबाट पहिलो घेरामा प्रहरी, त्यसपछि सशस्त्र प्रहरी र सेनाले तीन लाइन बनाएका थिए । उनीहरुले भीडलाई ती घेरा तोडेर मुस्लिम बस्तीतिर बढ्न दिएका थिएनन्, अरूमा रोकटोक थिएन ।

भीडमा उग्र रूपमा कराइरहेका सबै जनाको भिडियो खिचिरह्यौं, त्यसोगर्दा त्यहाँबाट निसक्ने अनुमति पाइने आशासहित । त्यसअघि हामीलाई ओमप्रकाशको घरसम्म पुऱ्याउन मद्दत गरेका एक पाका व्यक्तिले त्यो सबै देखिरहेका थिए । अन्तिममा उनैले समेत हामीलाई त्यहाँबाट जान दिन भीडसँग अनुनय गरे । त्यसपछि बडो मुस्किलले निस्कन पायौं । विराटनगर पुग्दा राति अबेर भइसकेको थियो । फर्कंदा, वैकल्पिक बाटोबाट जान सुरूमै सहमत नभएकोमा चालकसँग माफी मागें । तर, त्यसैबीचमा सबै वैकल्पिक बाटा अवरूद्ध छन् र फर्कने भरपर्दो बाटो नै त्यही हामी फर्किरहेको मूल सडक हो भन्ने सूचना पाइसकेका चालक फिस्स हाँसे मात्र । मैले माफी पाएँ भन्ने अर्थ लगाएँ ।

विराटनगर फर्किएपछि बाटोमा त्यो सबै भइरहँदा उनी कुन मनस्थितिबाट गुज्रिरहेका थिए भन्नेबारे लामो अन्तर्वार्ता गरैं । तर, छुट्टिनेबेला उनले भने, 'म यहीं बस्नुपर्छ । फेरि कहिले के हुने हो थाहा छैन । यो कुराकानी नछाप्दिनु होला ।'

कान्तिपुरबाट

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८३ साउन २१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

सहिद स्मारकमा जातीय संग्रहालय



○ सहीखबर संवाददाता

मकवानपुर । सहिद स्मारक हेटौंडाले हेटौंडा उपमहानगरपालिका-११ नवलपुरस्थित आनै भवनमा जातीय संग्रहालय स्थापना गरेको छ ।

बागमती प्रदेश सरकारको सहयोगमा निर्माण गरिएको संग्रहालयको भवनमा जातीय पहिचान झल्कने पहिरनसहितको पुरुष र महिलाको डमी राखिएको छ ।

२०७८ को जनगणना अनुसार मकवानपुर मा २६ जातजाति बसोबास छ । 'ती सबै जातिको पहिचान झल्कने पहिरनसहित पुरुष र महिला उभिएको डमी राख्न लागेको छौं' सहिद स्मारक विकास समिति हेटौंडाका कार्यालय प्रमुख रामचन्द्र न्यौपानेले भने, 'अहिलेसम्म १३ जातजातिका डमी राखिसकेका छौं, बाँकी पनि छिटै राख्ने छौं ।"

करिब ३ करोडको लागतमा निर्माण गरिएको उक्त संग्रहालयकोसाउन २४ मा आदिवासी जनजाति दिवसको अवसरमा उद्घाटन गर्ने योजना रहेको छ । सहिद स्मारक हेटौंडाका अध्यक्ष डोरमणि पौडेलले करिब चार कट्ठा जमिनमा निर्माण गरिएको उक्त संग्रहालयमा चेपाङ, बाम्हण, क्षेत्री, राई, माझी, सुनुवार, तामाङ, गुरुङलगायत १३ जातजातिका महिला र पुरुषको डमी राखिएको र बाँककीको राखिँदै जाने बताए ।

स्मारकमा गत आर्थिक वर्ष २०८२/०८३ मा पाँच लाखभन्दा बढी पर्यटकले भ्रमण गरेका छन् । स्मारकमा स्वदेशी एवं विदेशी गरी पाँच लाख २० हजारले भ्रमण गरेको कार्यालय प्रमुख न्यौपानेले जानकारी दिए ।

हरेक दिन बिहान ६:०० देखि बेलुका ९:०० बजेसम्म खुल्ने स्मारकमा नेपाली सर्वसाधारणका लागि ५०, विद्यार्थीका लागि ३०, सार्क राष्ट्रका नागरिकका लागि १०० र अन्य विदेशी नागरिकका लागि १५० रुपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको छ ।

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५२ माघ १७ मा यो स्मारकको अनावरण गरेका थिए ।

देशका विभिन्न संघर्षमा सहादत प्राप्त १२ जना सहिदको स्मारक निर्माण गरी सुरु गरिएको यो स्मारकमा सहिद स्मृति स्तम्भ, सहिद ग्यालरी, मदन स्मारक (मदन बाटिका), प्रजातान्त्रिक पार्क, थाहा स्तम्भ, पर्यटक सूचना केन्द्र, चिडिया घर, फोहरासहितको पार्क, बालउद्यान, देवी मन्दिर, विवाह मण्डप, नर्सरी (ग्रिन हाउस), पौडी पोखरी, वनभोज स्थलसहित पछिल्लो पटक जातीय संग्रहालय पनि थपिएको छ ।

● समयमा कर तिरौं,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● पानी खेर नफालौ,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

बागमती सरकारको एकीकृत भवनका लागि रुख कटान सुरु

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले हेटौंडामा निर्माण गर्न लागेको एकीकृत प्रशासनिक भवनको निर्माणस्थलका ३ हजार ४ सय ८४ रूख कटान गर्ने भएको छ ।

डिभिजन वन कार्यालय हेटौंडा र प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयबीच रूख कटानसम्बन्धी सम्झौता भएपछि प्रक्रिया अघि बढेको हो । छपान गरिएका ५ हजार ३ सय ३६ रूखमध्ये १ हजार ७ सय ४३ वटा भने हरियाली संरक्षणका लागि यथावत् राखिनेछन् ।

डिभिजन वन कार्यालय हेटौंडा र प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयबीच मंगलबार रूख कटानसम्बन्धी सम्झौता भएको थियो ।

डिभिजन वन कार्यालयका प्रमुख राकेशप्रसाद राजवंशी र पूर्वाधार विकास निर्देशनालयका निर्देशक चन्द्रदेव भट्टबीच सोमबार भएको सम्झौताअनुसार २०८३ पुस मसान्तभित्र रूख कटान सम्पन्न गरि सक्नुपर्नेछ । पूर्वाधार विकास निर्देशनालयका महानिर्देशक नवीन सिंहले सम्झौतासँगै कटान प्रक्रिया छिट्टै सुरू गरिने बताए ।

प्रदेश सरकारले गत वैशाखमै भवन निर्माणस्थलमा रहेका ५ हजार ३ सय ३६ रूखको छपान गरि सकेको थियो । तर वन कार्यालयसँग औपचारिक सम्झौता हुन नसक्दा कटान प्रक्रिया अघि बढ्न सकेको थिएन ।

प्रदेश सरकारले २०८३ चैत १ को मन्त्रिपरिषद् निर्णयअनुसार हेटौंडा उपमहानगरपालिका १६ र १७ मा रहेको ३१.३ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रशासनिक भवन निर्माणका लागि भोगाधिकारमा प्राप्त गरेको हो । यसमध्ये २७.५७ हेक्टर घ्याम्पे र चुरेकाली सामुदायिक वन क्षेत्रमा तथा ३.४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गामा पर्छ ।



प्रदेश सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि ५६ करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छ । आयोजना सम्पन्न गर्न पाँच अर्ब रूपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान छ । कटान गरिएका सामुदायिक वनका काठ सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरिनेछ भने सरकारी वन क्षेत्रका काठ वन कार्यालयले प्रचलित कानुनअनुसार व्यवस्थापन गर्ने जनाएको छ ।

सम्झौताअनुसार हेटौंडा १६ को घ्याम्पे सामुदायिक वनका ३ हजार ३ सय ६ र हेटौंडा १७ को चुरेकाली सामुदायिक वनका १ सय ७८ गरी ३ हजार ४ सय ८४ रूख कटान गरिनेछ । बाँकी १ हजार ७ सय ४३ रूख हरियाली संरक्षणका लागि राखिने डिभिजन वन कार्यालयले जनाएको छ । कटान हुनेमध्ये अधिकांश रूख सिरौंका छन् । खोटेसल्लो, मसला, खमारोलगायत ३० प्रजातिका रूखसमेत हटाइनेछ ।

वन तथा भू संरक्षण विभाग र प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयबीच वन क्षेत्र उपयोगसम्बन्धी सम्झौता पाँच महिनाअघि नै भइसकेको थियो । प्रदेश सरकारले वन विकास कोषमा ३ करोड ४१ लाख रूपैयाँसमेत जम्मा गरिसकेको छ । उक्त रकम नयाँ बिरूवा रोप्न, हुर्काउन तथा अन्य वन व्यवस्थापनका काममा खर्च हुने जनाइएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाका अनुसार रूख कटान र जग्गा व्यवस्थापनपछि भवन निर्माणको ठेक्का प्रक्रिया अघि बढाइनेछ । राष्ट्रिय भवन संहितामा आएको परिवर्तन तथा मन्त्रालयको संख्या हेरफेरलाई ध्यानमा राख्दै पुरानो डिजाइनमा प्राविधिक र व्यवस्थापकीय संशोधन गरिएको उनले बताए ।

मन्त्रालय, कर्मचारी आवास र आवश्यक अन्य संरचनासहितको अन्तिम डिजाइन तयारीको चरणमा रहेको पनि मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि ५६ करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छ । आयोजना सम्पन्न गर्न पाँच अर्ब रूपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान छ । कटान गरिएका सामुदायिक वनका काठ सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरिनेछ भने सरकारी वन क्षेत्रका काठ वन कार्यालयले प्रचलित कानुनअनुसार व्यवस्थापन गर्ने जनाएको छ ।

२०७४ सालमा प्रदेश सरकार गठन भएदेखि मन्त्रालयहरु भाडाका घर र पुराना सरकारी भवनबाट सञ्चालन हुँदै आएका छन् । २०७६ देखि कानुनी प्रक्रियामा अल्झिएको एकीकृत प्रशासनिक भवन निर्माण आयोजना संघीय मन्त्रिपरिषद्बाट वन क्षेत्रको भोगाधिकार स्वीकृत भएपछि कार्यान्वयन चरणमा प्रवेश गरेको हो । हेटौंडा बजारबाट करिब ११ किलोमिटर पूर्वमा प्रशासनिक परिसर निर्माण गरिनेछ।

बागमती सरकार गठनमा...

१ पेजको बाँकी

मात्रै होइन एकअर्कालाई अपमानित गर्नेसम्मको स्थिति देखिएको छ ।

एमाले र नेकपाबीच नयाँ मुख्यमन्त्री आफ्नो भागमा परेसँगै एमालेमा कसलाई मुख्यमन्त्री बनाउने भन्नेमा नेताहरुबीच खिचातानी र आन्तरिक संघर्ष चलेको छ ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ

थपलिया चार वर्षको पर्खाइपछि मुख्यमन्त्री बन्नेमा ढुक्क थिए । तर पार्टी सचिव तथा बागमती प्रदेश इन्चार्ज महेश बस्नेतका विश्वास पात्र किरण थापा मगर मुख्यमन्त्रीको दाबेदार बनेपछि एमालेमा किचलो सुरू भएको हो । भक्तपुरबाट निर्वाचित थापा पार्टी अध्यक्ष केपी शर्मा ओलीको निकट मानिन्छन् ।

थपलिया र थापाबीच मुख्यमन्त्रीका विषयमा प्रतिस्पर्धा चलेपछि पार्टी अध्यक्ष केपी शर्मा ओली निवासमा मध्यरातसम्म चलेको छलफलमा वादविवाद बढ्दै जाँदा थपलिया अचेत भई ढल्ने अवस्थासम्म पुग्यो ।

चार वर्षसम्म दलको नेताको रुपमा पार्टी हाँकेका थपलियामाथि एउटा पक्षमा उभिएर आफ्नै सांसदहरुले अयोग्यताको आरोप समेत लगाएको छलफलमा सहभागी सांसदहरुका बताउँछन् । थपलियाले पार्टी नेतृत्वबाटै अपमानित व्यवहारको सामना गर्नुपरेको सांसदहरु बताउँछन् ।

थापाले आफ्नो पक्षमा दलभित्र बहुमत जुटिसकेको र समर्थन प्राप्त गर्ने दलका सांसदहरुको संख्या नै तोकेर आफूलाई सहयोग गर्ने घोषणा गरेपछि थपलियालाई राजीनामा गर्न दबाब दिइएको थियो । थापालाई मुख्यमन्त्री बनाउने पक्षमा उभिएका एमालेका सांसदहरुको हस्ताक्षर पनि संकलन गरिएको थियो ।

करिब एक वर्षको मुख्यमन्त्री बन्नका लागि भएको यो घटनाक्रमले एमालेभित्र विश्वासघात, गुटको अर्को बिजारोपण भएको छ । एमाले बागमतीमा पहिलो पटक आफ्नै दलभित्र पद हत्याउने लडाइँमा नेताहरु उत्रिएपछि अब एमालेले आन्तरिक विवाद समाधान गर्दै सरकार गठन गर्छ वा शक्ति संघर्षले सरकार गठन नै लम्बिने हो भन्ने अब विकसित हुने घटनाक्रमले देखाउने छ ।

बागमतीमा सरकार गठनको अंकगणित र एमालेभित्रको नेतृत्व संघर्ष सँगसँगै अघि बढ्ने अवस्था रहेकोमा बहुमतका लागि आवश्यक दुई सांसद जुटाउने चुनौतीसँगै जटिल देखिन्छ ।

एमाले र नेकपा मिलेर ५१ सांसदका साथ सरकार बनाउँदा २ सिट अपुग हुन्छ । एमालेकी अप्सरा चापागाईं उपसभामुख रहेकाले सरकार गठनको प्रक्रियामै बहुमत पुर्‍याउन अन्य साना दलको साथ अपरिहार्य बनेको छ । जसका लागि राप्रपा निर्णायक देखिएको छ ।

बागमती प्रदेशसभा १०४ सदस्यीय छ । यो अंकगणितअनुसार सरकार गठनका लागि ५३ जना सदस्यको बहुमत पुर्‍याउनुपर्ने हुन्छ । बागमती प्रदेशसभामा कांग्रेस ३६ सिटसहित सबैभन्दा ठूलो दल छ ।

नेकपाको २६ सिट, नेकपा एमालेको २५ सिट (उपसभामुखसहित) छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को १२, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सिट छ ।

१२ सिट रहेको राप्रपा बागमती प्रदेश सरकार गठनका लागि निर्णायक भूमिकामा छ।

२० दिनदेखि रोकिएको लाइसेन्सको काम सुरू

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) को नयाँ प्रणालीबाट काम सुरू हुने भएको छ । गत २० दिनदेखि रोकिएको लाइसेन्सको काम नयाँ प्रणालीको प्रयोग गरेर बागमती प्रदेशमा आजबाट थालिने भएको हो ।

बागमती प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले बुधबार मन्त्रीस्तरको निर्णय गर्दै यातायात व्यवस्था विभागले तयार गरी उपलब्ध गराएको प्रणालीबाट सेवा प्रवाह सुरू गर्ने भएको हो ।

मन्त्रालयले लाइसेन्स प्रणालीमा भएका त्रुटिहरुलाई व्यवस्थापन गर्न विभागमा गरेको पत्रचार पछि केही सुधार भएकाले हाल परीक्षणका रूपमा सेवा प्रवाह सुरू गर्ने तयारी भएको उनले बताए । उनका अनुसार मन्त्रालयले सूचिकृत स्वस्थ्य संस्था तथा चिकित्सकबाट लाइसेन्सका लागि स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

सवारी चालक अनुमतिपत्र (लाइसेन्स) का लागि आवश्यक पर्ने स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था र चिकित्सकहरुको सूची सार्वजनिक गरेको उनले बताए । मन्त्रालयले सर्वोच्च अदालतको अन्तरिम आदेश र मन्त्रालयको मन्त्रिस्तरीय निर्णयअनुसार नयाँ अनलाइन प्रणालीमा आबद्ध भएका स्वास्थ्य संस्थाहरुको नामावली सार्वजनिक गरेको जनाएको छ ।

यसअघि यातायात व्यवस्था विभागले केही निश्चित चिकित्सकहरुलाई मात्र प्रणालीमा आबद्ध गराउने निर्णय गरेपछि विवाद सिर्जना भएको थियो । उक्त निर्णयविरूद्ध सर्वोच्च अदालतमा परेको रिटमा साउन १२ गते जारी गरेको अन्तरिम आदेशअनुसार पुरानै प्रणालीअनुसार दर्ता भएका चिकित्सकहरुलाई काम गर्न नरोक्न र उनीहरुको युजर आईडी तथा पासवर्ड सुचारू राख्न निर्देशन दिएको हो ।

अदालतको सोही आदेशलाई कार्यान्वयन गर्दै मन्त्रालयले हाललाई १७ वटा क्लिनिक र कार्यरत चिकित्सकहरुलाई अनलाइन प्रणालीमा सूचीकृत गरी स्वास्थ्य परीक्षणको अनुमति दिएको छ । मन्त्रालयले हेटौंडा, ललितपुर (एकान्तकुना), भक्तपुर, बनेपा, काठमाडौं (चाबहिल र कलंकी) तथा चितवन (भरतपुर) का विभिन्न क्लिनिकहरुलाई अनुमति दिएको छ ।

जसअनुसार हेटौंडामा सुनिल पोलिक्लिनिक (डा. रबिन्द्र चौरासिया), ललितपुरमा पृथ्वी मेडिकल हल, फोकसगुडो पोलिक्लिनिक र नाइल मेडिकल सेन्टर, भक्तपुरमा सुनौलो मेडिकल क्लिनिक, रानीवन चेकअप सेन्टर र सेखा क्लिनिक सेन्टर छन् ।

यसैगरी बनेपामा साइनो मेडिकल सेन्टर, चावहिलमा जानकी देवी पोलिक्लिनिक, सुस्मिता पोलिक्लिनिक र नेपाल हाउस मेडिकल क्लिनिक, कलंकीमा माछापुच्छे मेडिकल हल, नारायणी स्वास्थ्य क्लिनिक र सागर स्वास्थ्य क्लिनिक छ ।

यस्तै चितवनमा ल्होत्से हेल्थ केयर, स्मारिका हेल्थ केयर र नाइल हेल्थ केयरबाट स्वास्थ्य परिक्षण गर्न सकिनेछ ।

मन्त्रालयले सर्वोच्चको अर्को आदेश वा सूचना नभएसम्मका लागि सवारी चालक अनुमतिपत्रका लागि स्वास्थ्य परीक्षण गराउँदा उल्लेखित सूचीकृत चिकित्सकहरुबाट मात्र गराउन सर्वसाधारणलाई सूचित गरेको छ ।

हार्दिक बधाई

सहीखबर साप्ताहिक १५ वर्षमा प्रवेश गरेको सुन्न पाउँदा औधि खुसी लागेको छ । आगामी दिनमा जनताको आवाज अझै शसक्त भई उठाउन सकोस् पत्रिकाको उन्नती, प्रगती तथा समृद्धिसंगै हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

माया लामा प्रमुख एवम्

माइती नेपाल मकवानपुर परिवार

हार्दिक आभार

हामी गौरवमय १५ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रा विज्ञापनदाताहरु, आमपाठकवर्गहरु, स्तम्भकारहरु, कानून सल्लाहकारहरु सम्पूर्ण शुभचिन्तक ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौ । यहाँको साथ समर्थन सदा प्राप्त हुने अपेक्षा राख्दै हामी यहाँहरुको सेवामा सधैं तत्पर रहने बाचा गर्दछौं ।

सहीखबर परिवार

हुस्सु र वर्षाको कारण दुर्घटना हुँदा १ जनाको मृत्यु

○ सहीखबर संवाददाता



मकवानपुर । मकवानपुरको भीमफेदी गाउँपालिका ३ तिलटारस्थित त्रिभुवन राजमार्गमा बुधबार राति भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने चालक घाइते भएका छन् ।

बुधबार राति करिब ३:३० बजे पालुङबाट वीरगञ्जतर्फ तरकारी बोकेर जाँदै गरेको मधेश प्रदेश ०३-००३ ख ५०९५ नम्बरको ६ चक्के डिब्बा ट्रक वर्षा र बाक्लो हुस्सुका कारण ओरालो सडकमा चिप्लिएर अनियन्त्रित हुँदा सडकबाट करिब १०० मिटर तल चण्डी खोलामा खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

दुर्घटनामा ट्रक चालक मकवानपुरको राक्सिराङ गाउँपालिका ९ निवासी २३ वर्षीय रञ्जित कार्कीको दायाँ खुट्टा भाँचिएको छ भने शरीरका विभिन्न भागमा चोट लागेको छ।

उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। ट्रकमा सवार चालकका काका ३६ वर्षीय अर्जुन कार्की भने दुर्घटनामा गम्भीर घाइते भएका थिए। प्रहरीका अनुसार बिहान ९:१५ बजे हेटौंडा अस्पतालमा उपचारका क्रममा चिकित्सकले अर्जुन कार्कीलाई मृत घोषणा गरेका हुन्।

दुर्घटनाको जानकारी बिहान करिब ६:३० बजे प्राप्त भएपछि इलाका प्रहरी कार्यालय भैंसे तथा इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक सनम मल्लको नेतृत्वमा ट्राफिक प्रहरीसहितको टोली घटनास्थल पुगेको थियो। प्रहरीले स्थानीयको सहयोगमा दुवै घाइतेको उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पठाएको थियो।

ट्रकमा चालक र अर्जुन कार्की मात्र सवार रहेको प्रहरीले जनाएको छ। दुर्घटनाको कारण वर्षा, बाक्लो हुस्सु र चिप्लो सडक रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

डेंगीबाट बचौं र बचाऔं

लक्षण:

- ❖ उच्च ज्वरो आउनु,
- ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- ❖ अत्याधिक टाउको दुख्नु,
- ❖ शरीरमा राता बिबिराहरु आउनु,
- ❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- ❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- ❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- ❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- ❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- ❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
- ❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

खाना पकाउने ग्यासको अभाव कायमै

○ सहीखबर संवाददाता

मकवानपुर ।मध्युपूर्वका आन्दोलनको कारण खाना पकाउने ग्यासमा देखिएको अभाव अझै साम्य भएको छैन ।

यसमा व्यापारीको कालो बजारीदेखि उपभोक्ताहरूको समेत अधिकतम भण्डारण गर्ने आदातले समस्या भएको छ ।पछिल्लो समय हेटौंडामा खाना पकाउने एलपी ग्यासको अभाव अत्यधिक देखिन थालेपछि उपभोक्ता सास्तीमा परेका छन्।

पछिल्ला केही दिनयता ग्यास डिलर तथा बिक्री केन्द्रमा रित्तो सिलिण्डर बोकेर लामो लाइन लाग्नेहरुको भीड बढेको छ भने धेरै उपभोक्ता दिनभर कुरेर पनि ग्यास नपाई घर फर्किन बाध्य भएका छन्। हेटौंडा ५ का स्थानीय श्याम उप्रेतीका अनुसार पहिले आधा भरिएका सिलिण्डर वितरण हुँदै आएकोमा अहिले

भरी सिलिण्डर बिक्री गर्न थालिएपछि बजारमा उपलब्ध हुने सिलिण्डरको संख्या घटेको छ।

त्यसको प्रत्यक्ष असर हेटौंडाका उपभोक्ताले भोग्नुपरेको छ। धेरैजसो डिलरमा ग्यास आएको खबर फैलिनासाथ केही घण्टामै सबै सिलिण्डर सकिने अवस्था रहेको उपभोक्ताहरु बताउँछन्।

बिहानैदेखि लाइनमा बसेका उपभोक्ताले ग्यास कहिले आउँछ भन्ने निश्चित जानकारीसमेत नपाउँदा झन् समस्या भएको गुनासो गरेका छन्। कतिपयले दैनिक काम छाडेर ग्यासको लाइन बस्नुपरेको बताएका छन्। होटल, साना व्यवसाय र घरधुरीमा समेत खाना पकाउन कठिनाइ हुन थालेको उनीहरुको भनाइ छ।



ग्यास व्यवसायीहरुले भने मागको तुलनामा आपूर्ति कम भएकाले समस्या देखिएको दाबी गरेका छन्। केही डिलरले उद्योगबाट पर्याप्त परिमाणमा ग्यास प्राप्त नभएकाले सबै उपभोक्तालाई तत्काल उपलब्ध गराउन नसकिएको बताएका छन्।

यसअघि पनि देशका विभिन्न जिल्लामा आपूर्ति असन्तुलन र वितरण व्यवस्थापनका कारण खाना पकाउने ग्यासको अभाव देखिएको थियो। पछिल्ला दिनमा मकवानपुर लगायतका जिल्लामा पनि उपभोक्ताले लामो लाइन बसेर ग्यास लिनुपरेको समाचार सार्वजनिक भएका छन्। उपभोक्ताले बजारमा कृत्रिम अभाव सिर्जना हुन नदिन सम्बन्धित निकायले आपूर्ति र वितरण प्रणाली प्रभावकारी बनाउन तथा नियमित अनुगमन गर्नुपर्ने माग गरेका छन्। यदि समयमै सहज आपूर्ति हुन नसके समस्या अझै गम्भीर बन्न सक्ने स्थानीयको चिन्ता छ।

यसैबीच नेपाल आयल निगमले ग्यास आपूर्ति सहज बनाउन 'क्विक रेस्पोन्स टिम (क्यूआरटी)' गठन गरेको छ।

यो टिमले बुधबारदेखि नै आफ्नो कार्य औपचारिक रुपमा सुरू गरेको निगमले जनाएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उपभोक्ताको घरमा कुनै पनि हालतमा एलपी ग्यासको अभाव हुन नदिन कडा निर्देशन दिएपछि क्यूआरटी गठन गरिएको हो।

ग्यास आपूर्तिमा देखिने समस्या तत्काल समाधान गर्न उद्योग मन्त्रालय, नेपाल आयल निगम, उद्योग विभाग तथा ग्यास व्यवसायीका प्रतिनिधिहरु सम्मिलित संयन्त्र बनाइएको छ।

क्यूआरटीमा उद्योग मन्त्रालयका तर्फबाट मंगल विष्ट, नेपाल आयल निगमबाट इन्दु श्रेष्ठ र उपेन्द्र सुवेदी, ग्यास उद्योगबाट आयुस नेपाल र कुलप्रसाद राई सदस्य रहेका छन्।

टिमको मुख्य उद्देश्य देशका जुनसुकै स्थानमा एलपी ग्यासको अभाव वा वितरणसम्बन्धी समस्या देखिए तत्काल समन्वय गरी समाधान गर्नु रहेको छ। निगमको हटलाइनमा प्राप्त हुने गुनासोका आधारमा सम्बन्धित उद्योग, डिलर तथा व्यवसायीसँग समन्वय गरेर उपभोक्तासम्म ग्यास आपूर्ति सहज बनाइने जनाइएको छ।

नेपाल आयल निगमका अनुसार पछिल्लो समय विभिन्न स्थानबाट ग्यास नपाएको गुनासो बढेपछि समस्या तत्काल सम्बोधन गर्न यो संयन्त्र गठन गरिएको हो।

टिमले कार्यालय समयमित्र प्राप्त हुने गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्दै सकेसम्म तत्काल समाधान गर्ने गरी काम गर्नेछ।

उपभोक्ताले ग्यास आपूर्तिसम्बन्धी कुनै समस्या वा गुनासो भए कार्यालय समयमित्र नेपाल आयल निगमको हटलाइन नम्बर ०१-५९६१९०३ मा सम्पर्क गर्न सक्नेछन्। उक्त नम्बरमा प्राप्त हुने गुनासोमाथि क्यूआरटीले तत्काल आवश्यक पहल गरी समाधान प्रक्रिया अगाडि बढाउने निगमले जनाएको छ।

सहज गर्न क्यूआरटी गठन

बंश गोपाल क्याम्पसको अध्यक्षमा विश्वराज राई चयन

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौडा ६ चौघडामा रहेको बंशगोपाल बहुमुखी क्याम्पसको छैठौ क्याम्पस सभा एवम नव निर्मित भवनको उदघाटन बागमती प्रदेश सभाका सांसद एकालाल श्रेष्ठले उदघाटन गर्नु भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै सांसद श्रेष्ठले शिक्षालाई रोजगार संग जोड्न सके विदेशमा अध्ययन गर्न जाने विधार्थीलाई रोक्न सकिने बताए । शिक्षा र स्वास्थ्यलाई राज्यले अधिकतम बजेट विनियोजन गर्नु पर्ने बताउदै सांसद श्रेष्ठले प्रदेश सरकारले स्थानीय क्षेत्रमा सबैभन्दा बढी विकास गरेको दावी गरे ।

बंशगोपाल बहुमुखी क्याम्पसलाई मकवानपुर को पूर्वी शैक्षिक गहनाको हवको रूपमा विकास गर्न आफूले सदैव सहयोग गर्ने बताए ।

सांसद श्रेष्ठले भने जवसम्म पढ्दै कमाउदैको अवधारणा पूरा हुदैन तवसम्म अध्ययन गर्न विदेश जाने क्रमलाई रोक्न सकिँदैन ।

क्याम्पस सभाको बन्दसत्रले विश्वराज राईको अध्यक्षतामा ८ सदस्यीय नयाँ क्याम्पस व्यवस्थापन समिति सर्वसम्मत गठन गरेको छ ।

समितिको उपाध्यक्षमा पूर्णभरूरू चौलागाई सदस्यहरूमा पुष्पराज अधिकारी, उदय बिडारी, विक्रम सज्जेल, शुभद्रा तिमल्सिना, भरत सापकोटा र समाधान सापकोटा चयन भएका छन । १३ सदस्यीय समितिमा ५ सदस्य मनोनित गर्ने व्यवस्था छ ।

सभामा क्याम्पसका अध्यक्ष उज्वल चौलागाईले विधालयको शैक्षिक तथा आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

क्याम्पसका अध्यक्ष उज्वल चौलागाईको सभाध्यक्षतामा भएको सभामा हेटौडा ६ का कार्यवाहक वडा अध्यक्ष विजय पौडेल राष्ट्रिय परीक्षा बोर्डका प्रमुख बद्री बहादुर पाठक, ,हेटौडा स्कुल अफ म्यानेजमेन्टका प्रमुख पुरण बहादुर जोशी, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डाक्टर यम सिलवालले शिक्षाको सवालमा महत्वपूर्ण सहकार्य हुने बताउनु भयो ।

यसैगरी कार्यक्रममा ठोल विकास संस्था वडा समन्वय समिति हेटौडा ६ का अध्यक्ष बासुदेव खतिवडा, राष्ट्रिय स्वतन्त्र पार्टी हेटौडा नगर सचिव नरहरि चौलागाई, राष्ट्रिय प्रजातन्त्र पार्टीका गुरू प्रसाद सापकोटा लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

क्याम्पसमा १ सय ७५ विधार्थी अध्ययनरत छन । ३ तल्ले ५ कोठे क्याम्पस भवन ७५ लाखको लागतमा निर्माण गरिएको क्याम्पस प्रशासनले जनाएको छ ।

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाओं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौ,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौ,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौ,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र विक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, वर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार

विज्ञापन बोर्ड